☎ ०७५-५२०१०५, ५२०८५३
५२०१२५, ५२०५०५

तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

मिति २०७५ फागुन २४ गते

१०९ औं अन्तर्राष्ट्रिय महिला दिवस

२४ फागुन २०७५ (८ मार्च २०१९)

## प्रेस विज्ञप्ति

**लैङ्गिक समानताका लागि आर्थिक सशक्तिकरण सहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण** नारालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा महिला जागरणको अभियानलाई तीव्र पार्न संकेमात्र साँचो अर्थमा महिला सबलीकरणको अभियान सार्थक हुनेछ । महिला अधिकार र हरेक क्षेत्रमा महिला सहभागितालाई नेपालको संविधानले सम्बोधन गरेपनि कार्यान्वयन नगरेसम्म नतिजा अपेक्षित ढंगले प्राप्त गर्न सकिदैन । यसर्थ गाउँ शहर सबैतीर विकास निर्माणका कार्यक्रममा समेत महिला सहभागिता सुनिश्चित गरौं ।

नेपालमा महिलालाई सहयात्री, सहकर्मीको रुपमा स्वीकार्ने तथ्य ब्यबहारमै क्रमश: पुष्टि हुँदै गरेको अवस्था छ तरपनि आम नेपाली महिलालाई सक्षम र सीपयुक्त तुल्याउन सकेमात्र राष्ट्रनिर्माणको अभियानमा सबल सहभागिता हुनेछ । घर, परिवार, समाज र समृद्ध राष्ट्रको लागि सबल र सीपयुक्त महिला बलियो आधार बन्नेसक्ने तथ्यलाई मनन गर्दै विद्यमान असमानता चिर्दै सहकार्य र सहयोगको प्रक्रियालाई अगाडि बढाऔं ।

अन्त्यमा पुन: सम्पूर्ण नेपाली महिलाहरुप्रति **१०९ औं अन्तर्राष्ट्रिय महिला दिवस**को उपलक्ष्यमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

२०७५।११।२४

**अशोककुमार शाही**

प्रमुख एवम्

तानसेन नगरपालिका परिवार

तानसेन नगरकार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा



Scanned by CamScanner